सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २० ♦ २०८२ साल भदौ २३ सोमवार ♦ 8 Sep 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## बाघको आक्रमणबाट एक वृद्धको ज्यान गयो

**खबर दर्पण समाचारदाता**

**भदौ २२ गते, बर्दिवास**

बाघको आक्रमणबाट बारामा आइतबार एक जना वृद्धको ज्यान गएको छ ।

आइतवार बिहान बिहान च्याउ टिप्न जाने क्रममा प्रगतिशील सामुदायिक वनभित्र बाघको आक्रमणबाट जीतपुर सिमरा-१ का ६० वर्षीय छेवाङ्ग लामाको मृत्यु भएको इलाका प्रहरी कार्यालय सिमराका प्रमुख वेद प्रकाश जोशीले जनाएका छन् ।

लामा बिहान करिब ७ बजेतिर च्याउ टिप्न गएका थिए । जङ्गलमा बाघको आक्रमणबाट लामाको मृत्यु भएको घटना घाँस काट्न गएका अन्य स्थानीयहरूले देखेर प्रहरीलाई खबर गरेको ईप्रका सिमराले जनाएको छ। लामाको शवलाई पोस्टमार्टमको लागि प्रादेशिक



अस्पताल कलैया पठाइएको ईप्रका सिमराका प्रमुख जोशीले बताएका छन् ।

यसअघि बाघको आक्रमणबाट बारा अम्लेखगञ्जका ३ जना स्थानीयहरूको ज्यान गइसकेको छ । पछिल्लो २ महिनामा बाघको आक्रमणबाट ४ जनाको ज्यान गइसकेको प्रहरीले जनाएको छ ।

पर्सा राष्ट्रिय निकुञ्जले बाघको आक्रमण बढेपछि प्रभावित क्षेत्रमा सिसी क्यामरा जडान गर्ने र नरभक्षी बाघलाई नियन्त्रणमा लिन चितवनबाट प्राविधिक टोली समेत आइसकेको जनाएको छ ।

## जनताप्रति उतरदायी भएर सेवा प्रवाह गर्न कावा मुख्यमन्त्री यादवको निर्देशन

**खबर दर्पण समाचारदाता**

**भदौ २२ गते, जनकपुरधाम**

मधेश प्रदेशका कार्यवाहक मुख्यमन्त्री एवम भौतिक पुर्वाधार विकास मन्त्री सरोज कुमार यादवले जनता प्रति उतर दायी भएर सेवा प्रवाह गर्न निजामती कर्मचारीलाई निर्देशन दिनुभएको छ ।

मधेश प्रदेशको राजधानी जनकपुरधाममा आइतबार निजामती सेवा दिवस २०८२ को अवसरमा मधेश प्रदेश सरकारको गृह सञ्चार तथा कानून मन्त्रालयले आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनु भएको हो ।

उहाँले भन्नुभयो, कर्मचारी र जनप्रतिनिधि एउटै रथमा सवार यात्री हौ । विकास र समृद्धिका लागि जनप्रतिनिधि जति जिम्मेवार हुन्छ त्यती नै कर्मचारी पनि जिम्मेवार हुनुपर्छ । कार्यवाहक मुख्यमन्त्री यादवले इमान्दारिता र निष्ठा पुर्वक काम गर्ने कर्मचारीलाई राज्यले सम्मान गर्ने भन्दै अगामी दिनमा उत्कृष्ट काम गर्ने कर्मचारीको फोटो नै कार्यालयमा झुण्डयाउने व्यवस्था लागु गर्नका लागि आग्रह गर्नुभयो ।

उहाँले कार्यालयहरुमा यस प्रकारको व्यवस्था भएमा अन्य कर्मचारीलाई पनि यस दिशा निर्देश गर्ने बताउनुभयो । उहाँले कर्मचारी र जनप्रतिनिधि दुवै इमान्दारिता र निष्ठा पुर्वक कामकाज गरेको खण्डमा देश समृद्धी तर्फ जानेमा वेर नलाग्ने बताउनुभयो ।

मधेश प्रदेशका प्रमुख सचिव



मदन भुजेलको अध्यक्षतामा भएको सो कार्यक्रममा गृह सञ्चार तथा कानून मन्त्रालयका सचिव विमल बराल , धनुषाका प्रमुख जिल्ला अधिकारी शंकर हरि आर्चाय,गृह सञ्चार तथा कानून मन्त्रालयका शाखा अधिकृत राधे शंकर पाल सहित विभिन्न ट्रेड युनियनका नेताहरुले आ आफनो मन्तव्य राख्नु भएको थियो ।

कार्यक्रम अघि विहान व्यवसायिक र सिर्जनशील प्रशासन: विकास ,समृद्धि र सुशासन नारा लेखिएको व्यानर सहित प्रभातफेरी सहितको र्‍याली निकालिएको थियो । जिल्ला प्रशासन कार्यालय धनुषाको प्राङ्गनवाट आज विहान निकालिएको प्रभातफेरी सहितको र्‍यालीमा चारवटै सुरक्षा निकाय अधिकारी ,विभिन्न कार्यालयका कर्मचारी र मधेश प्रदेशका विभिन्न मन्त्रालयका उच्च ओहदाका कर्मचारीहरुको सहभागिता रहेको थियो ।




## बर्दिवासमा विद्यालय गएका बालक चार दिनदेखि बेपत्ता

**खबर दर्पण समाचारदाता**

**भदौ २२ गते, बर्दिवास**

महोत्तरीको बर्दिवासमा घरबाट विद्यालय पढ्न हिँडेका एक बालक चार दिनदेखि बेपत्ता छन् ।


बर्दिवास नगरपालिका-१२ मा अवस्थित जनता माध्यमिक विद्यालय डाँडाटोलमा कक्षा ६ मा पढ्दै गरेका स्थानीय १३ वर्षीय बालक गौतम पासवान गत बिहीबार घरबाट साइकलमा चढेर पढ्न विद्यालय गएकामा उनी अहिलेसम्म घर फर्केर नआएको निजका काका प्रमोद पासवानले बताए ।

गौतम बेपत्ता भएपछि परिवार जनले प्रहरी चौकी हात्तीलेटमा खोजीका लागि निवेदन दिएका छन् । इलाका प्रहरी कार्यालय बर्दिवासका प्रमुख एवं प्रहरी नायब उपरीक्षक प्रकाश बमले पीडित परिवारले प्रहरी चौकीमा बालक खोजतलासका लागि दिएको निवेदनपछि तुरुन्तै सक्रिय भएको प्रहरी टोलीले बालक गौतमको खोजतलास गरिरहेको बताए । रासस

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प



✓ फलेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# सामाजिक सञ्जाल बन्दमा सरकारको गलत आकलन, सडकबाट प्रतिरोध गर्दै ‘जेन जी’

**खबर दर्पण समाचारदाता**

**भदौ २२ गते, बर्दिवास**

सन् २०११ मा न्युयोर्कबाट आर्थिक असमानता, पुँजीवाद र र ाजनीतिमा पैसाको प्रभावविरुद्ध एउटा आन्दोलन सुरु भएको थियो, जसको नाम थियो – अकुपाई वालस्ट्रिट, अर्थात्, कुनै स्थान/विषयमा भौतिक र राजनीतिक कब्जा वा हस्तक्षेप । पछि यो सामाजिक अन्याय, भ्रष्टाचार तथा जलवायु परिवर्तनजस्ता विविध मुद्दाहरूमा केन्द्रित हुँदै विश्वभरि फैलियो । हुँदा-हुँदा, सत्तामा बस्ने, शक्तिशालीहरू तथा तिनको पक्षमा मात्र काम गर्ने प्रणाली र हरेक किसिमको अन्यायका विरुद्ध आवाज उठाउनका लागि आममानिसहरूको साझा ब्यानर बन्यो- अकुपाई, अर्थात प्रतिरोध । अहिले सामाजिक सञ्जालमा एउटा मुट्ठी कसेको चित्र चर्चामा छ, जसको नारा छ – अकुपाई माइतीघर ।

यो एउटा प्रतिरोधको आह्वान हो, तर परम्परागत रूपमा नेपालमा गरिने राजनीतिक दल वा तिनका भ्रातृ संगठनहरूको होइन । ‘जेन जी’ भनेर चिनिने नयाँ पुस्ताको, जो अहिले वर्तमान केपी शर्मा ओली सरकारले बिहीबारदेखि एक्स, फेसबुकलगायत २६ वटा सामाजिक सञ्जालमा लगाएको प्रतिबन्धको विरोधमा छन् ।

जेन जी सरकारको निर्णयविरुद्ध सडक प्रदर्शनका लागि कसरी संगठित भए, यकिन छैन । तर सामाजिक सञ्जालमा हेर्दा यो प्रदर्शनका लागि व्यापक समर्थ मिलिरहेको देखिन्छ । टिकटकलगायतका सामाजिक सञ्जालमा व्यापक रूपमा प्रदर्शनबारे सामग्रीहरू पोस्ट भइरहेका छन् । ’स्वतन्त्र नेपाली युवाहरूको आयोजनामा’ प्रदर्शन गर्ने भनी काठमाडौं जिल्ला प्रशासन कार्यालयमा आफूलाई यो कार्यक्रमको संयोजक दाबी गरेका सबल गौतम र पुरुषोत्तम यादवले निवेदन दिएका छन् ।

एक टिकटक प्रयोगकर्ताले भनेकी छिन्, ‘नेताहरूको पक्षमा मात्र बोल्दा राम्रो, उनीहरूको विरुद्धमा बोले कारबाही गर्ने ? हुँदा-हुँदा सोसल मिडिया नै बन्द गर्ने । भ्रष्टाचार गरेको पैसाले आफ्नो छोराछोरी विदेश पठाएर लक्जरियस लाइफस्टाइल दिने, अनि हामीलाई चाहिँ नेपालका युवा देशमा बस्न मान्दैनन् जति नै स्कोप भए पनि भन्ने ? मेरो फ्रस्टेसन लेभल धेरै हाइ भइसक्यो लास्टै रिस उठेको छ । हामी हाम्रा बाबुआमा मरी मरी हड्डी घोटेर ट्याक्स तिरेको पैसा तिमीहरूको छोराछोरीलाई लक्जरियस लाइफ दिनलाई हो ?’

सरकारले नै आकलन गर्न सकेन कि उसको उक्त अपरिपक्व निर्णयले सञ्जालमा भैरहेको आलोचना र विरोधलाई सिधै सडकमा ल्याइदिनेछ ।

एक जना टिकटक प्रयोगकर्ताले भनेका छन्, ‘भोलि सेप्टेम्बर ८ अर्थात् भाद्र २३ गते सोमबारको दिन काठमाडौंको नयाँ बानेश्वर लगायत देशभर युवाहरूले एउटा नयाँ रिभोलुसनको सुरुवात गर्दै छ, नयाँ एउटा प्रोटेस्टको सुरुवात गर्दै छ । यो एकदमै युनिक छ, एकदमै फरक छ । हाम्रो युवा पुस्ताले, न्म्ल श पुस्ताले गर्दै छ ।’

भदौ ९ मा मन्त्रपरिषद् बैठकबाटै सामाजिक सञ्जाल सूचीकरणका लागि सात दिनको समय दिने निर्णय भयो । १२ भदौमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सूचना जारी गरी ७ दिनभित्र सूचीकरण हुन नआए बन्द गरिने बतायो । सरकारले दिएको समय सीमाभित्र सामाजिक सञ्जाल सूचीकरण हुन नआएपछि २६ वटालाई बन्द गर्ने निर्णय भयो ।

सामाजिक सञ्जाल बन्द गर्ने सरकारको निर्णयबारे आफूलाई लोकतान्त्रिक र वाक स्वतन्त्रताको हिमायती दाबी गर्ने सत्ता साझेदार दल नेपाली कांग्रेसले आइतबार सम्म औपचारिक धारणा सार्वजनिक गरेको छैन, मौनता साँधेको छ । तर कांग्रेसका नेताहरूले व्यक्तिगत रूपमा भने सामाजिक सञ्जाल बन्दको विरोध गरिरहेका छन् ।

प्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी शर्मा ओली आलोचना सुन्न नचाहने र स्वीकार्न पनि नसक्ने नेताका रूपमा चिनिन्छन् । तर सामाजिक सञ्जालमा सरकारको आलोचना मात्र भइरहेको छैन, २०८४ मा हुने आमचुनावमा हिसाब मागिने भन्ने किसिमले चर्चा भइरहेको छ । यसले एमालेलाई मात्र होइन कांग्रेसलाई पनि आतंकित पारेको उसको गतिविधिले देखाउँछ । किनकि सामाजिक सञ्जाल बन्द गर्ने निर्णयमा मौन बसेर कांग्रेसले सरकारी निर्णयको समर्थन गरिरहेको छ ।

प्रधानमन्त्री ओलीले संसद्मा विचाराधीन सामाजिक सञ्जाल विधेयकको बचाउमा भनेका थिए, ‘घृणाको राजनीति, घृणाको क्रियाकलाप, कसैको व्यवहार, कारोबार बन्द गरिदिने, कसैका परिवार छिन्नभिन्न बनाइदिने, कसैको जिन्दगी बदनाम गरिदिने, अविश्वास फैलाइदिने र भ्रम छरिदिने यस प्रकारका कामहरू छन् तीन नियन्त्रण हुनुपर्छ । यस्ता कुराहरू छोड्नु हुँदैन ।’

गएको फागुन १५ गते काठमाडौंमा भएको डिजिटल अपराध नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन उद्घाटन गर्दै उनले भनेका थिए, ‘मानिसहरू क्षणिक रूपमा खुसी भएको देखिन्छ तर सामाजिक सञ्जालले मानिसहरूले मानिसहरूको खुसी खोसिरहेको छ, सामाजिक सञ्जाल नियन्त्रणभन्दा बाहिर जान लागेको छ, छाडातन्त्र, अराजकता र समाजलाई विकृत बनाउने, सभ्यता संस्कृति गौरवपूर्ण परम्परालाई होच्याउने र अपमान गर्ने काम भइरहेको छ ।’

सामाजिक सञ्जालबारे सञ्चार मन्त्री पृथ्वीसुब्बा गुरुङले गएको असारमा भनेका थिए, ‘दर्ता भएको र प्वाइन्ट अफ कन्ट्याक्ट तोकेको भए त्यसको आधारमा हामीसँग कन्टेनलाई मोडरेसन र फिल्टरेसनको अधिकार मन्त्रालयले पाएको भए उनीहरूको कन्टेन यो भएन हटाउनुपर्छ भन्नसक्थ्यौं ।’

सञ्चारमन्त्रीको भनाइबाट सरकारले यी सामाजिक सञ्जाललाई किन बन्द गरायो भन्ने नियत स्पष्ट हुन्छ ।

सरकार सामाजिक सञ्जालमा प्रकाशित हुने सामग्रीमा नियन्त्रण चाहन्छ । सिधा अर्थ सरकारको विरोध उसलाई स्वीकार्य छैन । सरकारको आलोचना गरिएका सामग्री हटाउन पाउने नियन्त्रण उसलाई चाहिएको सञ्चारमन्त्रीको भनाइले बुझाउँछ ।

एमाले नेता तथा पूर्वसञ्चारमन्त्री गोकुल बास्कोटा सामाजिक सञ्जाल बन्दको निर्णयको विरोधमा छन् । उनले फेसबुकमा आइतबार कटाक्ष गर्दै लेखेका छन्, ‘जेन जी र अल्फा पुस्ता आइसक्यो तर यहाँ बेबी ब्रुमर पुस्ताले थर्काउँदैछ । हाहुमा होइन क्षितिज पारीसम्म नियालेर उ आयो भने कसैले रोक्न सक्दैन । मौसम त दुई महिनामा हल्का रङग फेर्छ,राजनीतिमा छेपारे र चेपारे प्रवृत्तिसँग किन गुनासो ? हरेक दशकले त्यो चटक भोग्दै त आएको छ ।’

सामाजिक सञ्जालबाट हुने आलोचना बन्द गराउन सामाजिक सञ्जाल नै बन्द गरेपछि जेनजी पुस्ता सडक प्रदर्शन नै गर्ने गरी तयारीमा लागेको छ । उनीहरूले गर्ने आन्दोलनको नेतृत्वकर्ता को हो भन्ने खुलेको छैन । असंगठित रूपमा प्रदर्शन हुन लागेकाले यो प्रदर्शन नियन्त्रणभन्दा बाहिर जाने र अप्रिय घटना हुनसक्ने जोखिम छ ।

यसबारे नेपाल प्रहरीको मुख्यालयले काठमाडौं उपत्यका र काठमाडौं प्रहरी परिसरसँग छलफल गरेको छ । आइतबार प्रहरी प्रधान कार्यालय नक्सालमा यसबारे छलफल भएको थियो ।

काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रहरी नायब महानिरीक्षक (डीआईजी) ओमबहादुर रानाले प्रदर्शनलाई नियन्त्रणभन्दा बाहिर जान निदने र सरकारी तथा व्यक्तिको सम्पत्तिमा क्षति हुन नदिने गरी सुरक्षा व्यवस्था मिलाइने बताए । उनले भने, ‘संविधानअनुसार व्यक्तिको बोल्न पाउने प्रदर्शन गर्न पाउने अधिकार छ । त्यसको सम्मान गर्छौं । सम्पत्तिको क्षति हुन नदिने गरी व्यवस्था मिलाइन्छ ।’

सन् १९९७ देखि सन् २०१२ को अवधिमा जन्मिएको पुस्तालाई ‘जेनेरेसन जेड’ (जेन जी) भनिन्छ । यो पुस्ता प्रविधिको पहुँच र प्रयोगसँगै हुर्किएको छ । यो पुस्ता आफ्नो देशबारे मात्र होइन, पूरा विश्वमा के भइरहेको छ भन्ने पनि सूचना प्रविधिको माध्यमबाट थाहा पाउँदै हुर्किएको छ ।

कतिपयले यो पुस्ता राजनीतिप्रति मतलब नभएको पनि बताउँथे । तर सामाजिक अध्येता दिपेश घिमिरे भने जेन जी राजनीतिप्रति निरपेक्ष नभएको बताउँछन् । उनी भन्छन्, ‘बरू यो पुस्ताले बोक्ने राजनीतिक एजेन्डा पुरातन वा अघिल्लो पुस्ताको भन्दा फरक छ ।’

जेन जीले भोलि गर्न लागेको प्रदर्शन महत्त्वपूर्ण भएको उनी बताउँछन् । उनले भने, ‘यो पुस्ता पहिलोपटक सडक प्रदर्शनमा उत्रिँदै छ । यसअघि सामाजिक सञ्जाल र डिजिटल माध्यमबाट आफ्ना असहमति राख्ने यो पुस्ता सडकै आउने विषयले पछिसम्म पनि प्रभाव पार्न सक्छ ।’

जेन जी पुस्ताले सरकार विरोधी प्रदर्शनका लागि सबैभन्दा पहिला ‘नेपो बेबी’ वा ‘नेपो किड्स’ अभियान चलाएको छ । ‘नेपो बेबी’ शब्द सामान्यतः नातावाद ( नेपोटिज्म) सँग सम्बन्धित हुन्छ, जसले प्रभावशाली व्यक्तिहरूका सन्तान वा नजिकका आफन्तहरूले आफ्नो पारिवारिक सम्बन्धका कारण अवसर प्राप्त गरेको अवस्थालाई जनाउँछ ।

नेपो बेबी अभियान २०२४ को उपराष्ट्रपति चुनावलाई लिएर इन्डोनेसियामा चलेको थियो । पूर्वराष्ट्रपति जोको विडोडो (जोकवी) का छोरा गिब्रान राकाबुमिङ राका र ज्वाइँ बोबी नासुटियोनलाई राजनीतिक पदमा अगाडि बढाइएको विषयमा व्यापक आलोचना भएको थियो । गिब्रानलाई २०२४ को निर्वाचनमा उपराष्ट्रपतिको उम्मेदवार बनाइयो, जसलाई धेरैले नातावादको उदाहरण माने । सामाजिक सञ्जालमा, विशेष गरी एक्समा, युवाहरू र आलोचकहरूले यो मुद्दालाई लिएर बहस र व्यंग्य गरे, जसलाई कतिपयले ‘नेपो बेबी’ सँग तुलना गरे । यद्यपि, यो कुनै औपचारिक आन्दोलनको रूपमा संगठित भएको थिएन ।

सामाजिक सञ्जाल बन्दलाई कांग्रेस नेता मिनेन्द्र रिजाल ‘सूर्यलाई हत्केलाले रोक्ने प्रयास’ भन्छन् । पूर्वसञ्चारमन्त्री उनले नेपालभ्युजसँग भने, ‘सामाजिक सञ्जाल बन्द गर्नु मुख बन्द गर्न खोज्नु जस्तै हो । सामाजिक सञ्जालबाट कुनै समस्या भएको हो भने त्यसलाई कानुन बनाएर नियमन गर्नुपर्‍यो, बन्द गरेर हुँदैन । सरकार भन्ने एकातिर गर्ने अर्कोतिर भयो ।’

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका नेता पूर्वमन्त्री देवेन्द्र पौडेल सरकार गर्नुपर्ने काम नगरी अर्को बाटोमा हिँडेको बताउँछन् । उनले नेपालभ्युजसँग भने, ‘सरकारले जनजीविकाका विषयमा काम गर्नुपर्नेमा नागरिकलाई दुःख दिने गरी सामाजिक सञ्जाल बन्द गरेको छ । यसले स्वतन्त्रताको हक त खोसिएको छ नै, अन्तर्राष्ट्रिय समुदायमा गलत सन्देश गएको छ । बहुराष्ट्रिय कम्पनीलाई नेपालमा आउने वातावरण बनाउनुपर्नेमा झन् फेसबुक बन्द गरी समस्या निम्त्याइएको छ ।’

नेता पौडेल सरकारको यस्तो कदमको विरोध हुनु स्वाभाविक भएको बताउँछन् । ‘जेनजी पुस्ताले सरकारको यो कदमविरुद्ध आन्दोलन गर्नु जायज छ । यो आन्दोलनमा हाम्रो समर्थन छ ।’

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# सामाजिक सञ्जाल मनोरञ्जनको माध्यम मात्र होईन अन्यायको विरोध गर्ने ठाउँ पनि हो



**प्रेमचन्द्र झा**

नेपालमा पछिल्ला केही वर्षयता अभिव्यक्ति स्वतन्त्रतामाथि विविध बहानामा बारम्बार हस्तक्षेप हुँदै आएको छ। राष्ट्रियताको नाममा, सामाजिक सद्भावको रक्षा गर्ने बहानामा, वा झूटा सूचना नियन्त्रण गर्ने नाउँमा सरकारले विभिन्न चरणमा सामाजिक सञ्जाल प्रतिबन्ध गर्ने वा नियन्त्रण गर्ने निर्णयहरू गर्दै आएको छ। यो घटनाक्रम यत्तिको सामान्य छैन, जसलाई केवल इन्टरनेट सेवा अवरुद्ध गरियो भनेर टार्न सकिन्छ। यसको गहिरो प्रभाव लोकतान्त्रिक मूल्य र नागरिक स्वतन्त्रतामाथि पर्छ। अभिव्यक्ति स्वतन्त्रताको हनन कुनै अल्पकालीन नीतिगत निर्णय होइन; यो लोकतन्त्रको मेरुदण्डमाथि प्रहार हो। अझ चिन्ताजनक कुरा त के हो भने यस्ता कदमहरूमा सरकार एक्लो छैन–लोकतन्त्रको ऐतिहासिक यात्रामा महत्वपूर्ण भूमिका खेलेका राजनीतिक दलहरू समेत यस्ता कार्यहरूमा मौन साथ दिइरहेका छन्।

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वतन्त्र रूपमा विचार व्यक्त गर्ने, सूचना प्राप्त गर्ने र स्वतन्त्र प्रेसको माध्यमबाट राज्यको निगरानी गर्ने अधिकार दिएको छ। तर, जब सामाजिक सञ्जालजस्ता खुला माध्यमहरू बन्द गरिन्छन्, तब यी अधिकारहरू केवल कागजमा सीमित हुने खतरा उत्पन्न हुन्छ। सरकारको भनाइ छ–सामाजिक सञ्जालबाट नकारात्मक प्रभावहरू फैलिन सक्छन्, सामाजिक सद्भाव बिग्रन सक्छ, वा राष्ट्रियतामाथि चोट पुग्न सक्छ। तर यस्ता तर्कहरू केवल आवरण हुन्। यथार्थमा, सामाजिक सञ्जाल सरकारका लागि असहज प्रश्न उठाउने, आलोचना गर्ने, र सत्ताको जवाफदेहिता माग्ने आवाजहरूका लागि सशक्त माध्यम बनिसकेको छ। यसैले, यस्ता माध्यमहरू बन्द गर्दा सरकारलाई स्वतन्त्रतावादी भन्दा बढी नियन्त्रणवादी, अर्थात् निरंकुश देखिन्छ। जब कुनै सामाजिक सञ्जाल बन्द गरिन्छ, त्यसको प्रत्यक्ष प्रभाव सर्वसाधारण नागरिकहरूमा पर्छ। नेपालजस्तो देशमा जहाँ औपचारिक मिडिया संस्थाहरू पनि राजनीतिक आस्थाले विभाजित छन्, त्यहाँ वैकल्पिक माध्यम–जसले नागरिकका वास्तविक पीडा, असन्तुष्टि र आवाजलाई स्थान दिन सक्छ–सामाजिक सञ्जालहरू नै हुन्। युट्युबमा जनताको आफ्नै शैलीमा भनिएका कथा, टिकटकमा बनाइएका आलोचनात्मक सन्देश, वा फेसबुकमा व्यक्त गरिएको असहमति–यी सबै अभिव्यक्तिको नयाँ युगका संकेत हुन्। तर जब सरकार ती सबै माध्यम बन्द गर्छ, त्यसले जनतामा डरको वातावरण सिर्जना गर्छ। नागरिकहरू बोल्न डराउँछन्, किनभने उनीहरूलाई थाहा छ–सरकार हेरेर बसेको छ।अभिव्यक्तिको स्वतन्त्रता केवल राजनीतिक भाषणको कुरा होइन, यो सामाजिक न्यायको मेरुदण्ड पनि हो। एउटा शिक्षिका जब युट्युबमा भाषा पढाउँछिन्, एउटा युवा जब फेसबुकमार्फत घरमै बनाएको खाना बेच्न खोज्छ, वा एउटा ब्लगर जब सडकको भ्रष्टाचार उजागर गर्छ–तिनीहरू सबै आफ्नो जीविकासँगसँगै समाजमा योगदान दिइरहेका हुन्छन्। तर यस्ता प्लेटफर्महरू बन्द हुँदा तिनीहरूको जीवनयापनमा गम्भीर असर पर्छ। साना व्यवसायी, होम-मेकरहरू, अनलाइन स्टोर चलाउनेहरू, डिजिटली प्रशिक्षित युवाहरू–सबैको भविष्य अनिश्चित बन्द हुँदै जान्छ।

अझै गम्भीर कुरा के छ भने, यस्ता निर्णयहरू सरकारले अचानक लिन्छ। बिना पूर्वसूचना, बिना सार्वजनिक संवाद, र प्रायः बिना कानुनी प्रक्रिया, केवल कुनै न कुनै आन्तरिक निकायको सिफारिसमा निर्णय हुन्छ। यस्तो निर्णय प्रक्रियाले कानुनी राज्यको सिद्धान्तमाथि पनि प्रश्न उठाउँछ। यदि एउटा सरकारले नागरिकसँग संवाद नगरी, प्रत्यक्ष सरोकारका निर्णय अचानक लिनु दःखद हो ।

अहिले यस्ता निर्णयहरू सरकारबाट आउँछन् भने पनि त्यसमा सत्ता साझेदार बनेका दलहरूको मौनता झनै दुःखद छ। नेपाली कांग्रेस, जसले दशकौँसम्म अभिव्यक्ति स्वतन्त्रता, मानव अधिकार र प्रजातन्त्रको लागि लडाइँ गरेको इतिहास बोकेको छ, आज सत्ता स्वार्थका कारण मौन छ। संसदमा यस्ता कार्यहरूको विरोध गर्ने आवाज उठ्दैन, सडकमा जनताको पक्षमा उभिने नेतृत्व देखिँदैन। यस्ता कार्यहरूमा मौन बसेको राजनीतिक दलले लोकतन्त्रको संरक्षण गर्न सक्छ भन्ने विश्वास जनताले राख्न सक्दैनन्। जब जनताले विश्वास गुमाउँछन्, तब विकल्प खोज्न थाल्छन्। तर विकल्प पनि त्यस्तै भएपछि लोकतन्त्रप्रति नै वितृष्णा बढ्छ, जुन लोकतन्त्रको दीर्घकालीन स्वास्थ्यका लागि घातक हुन्छ।

केवल राजनीतिक रूपमा होइन, यस्ता कार्यहरूले समाजमा विभाजन पनि उत्पन्न गर्छ। एकातर्फ, राज्यद्वारा समर्थित सन्देश मात्र बाहिर आउँछ। अर्कातर्फ, असन्तुष्ट जनताको आवाज बन्द कोठाभित्र सीमित रहन्छ। यस्तो असन्तुलनले समाजमा गहिरो तनाव र हिंसात्मक प्रतिक्रिया जन्माउन सक्छ। जब कुनै माध्यम बन्द हुन्छ, जनताले वैकल्पिक (वा अघोषित) माध्यम रोज्न थाल्छन्, जसले अझ जोखिम बढाउँछ। उदाहरणका लागि, प्रतिबन्धित सामाजिक सञ्जालको सट्टा ख्एल प्रयोग गर्न थालिन्छ, जसले डेटा सुरक्षामा खतरा उत्पन्न गर्छ, र राज्यको नियन्त्रण अझ खतरनाक प्रविधिमा जान सक्छ।

कानुनी हिसाबले पनि हेर्ने हो भने, नेपालको संविधानले नागरिकलाई प्राप्त मौलिक अधिकार बिना तर्क, सूचना वा न्यायिक समीक्षाविना निलम्बन गर्न सकिँदैन भनी स्पष्ट रूपमा व्याख्या गरेको छ। तर यस्ता सामाजिक सञ्जाल बन्द गर्ने निर्णयहरू कुनै कानुनी प्रक्रियाअनुरूप गरिएको देखिँदैन।

अहिलेको सरकारमाथि बारम्बार निरंकुशतामा उन्मुख भएको आरोप लागिरहेको छ। संविधानको रक्षा गर्नु पर्ने संस्थाहरू आफैंले संवैधानिक अधिकार सीमित गरिरहेका छन्। आलोचना उठाउनेलाई कारबाही गर्ने, सामाजिक सञ्जालमा सरकारविरुद्ध बोल्नेहरूमाथि निगरानी राख्ने, र सूचना प्रवाह रोक्ने कामहरू बढ्दै छन्। कतिपय पत्रकारहरूले सामाजिक सञ्जालमा राखेको टिप्पणीका लागि थुना भोग्नुपरेको छ। नागरिकले फेसबुक स्टेटस लेखेको आधारमा उजुरी परेका छन्। यस्ता गतिविधिहरू लोकतान्त्रिक अभ्यास नभई प्रहरी राज्यको संकेत हुन्।

सामाजिक सञ्जालहरू लोकतन्त्रका लागि चुनौतीपूर्ण त हुन्, तर त्यहाँ झूठा सूचना, घृणा भाषण वा विकृति भएको भन्दै बन्द गर्नु समाधान होइन। राज्यको कर्तव्य नियन्त्रण होइन, व्यवस्थापन हो। डिजिटल साक्षरताको अभाव, तथ्य-जाँचको कमजोर संरचना, नियमन नीतिको अस्पष्टता–यी सबैको सुधार गरेर नागरिकलाई सचेत बनाउनु दीर्घकालीन उपाय हो। सस्तो लोकप्रियताको लागि प्रतिबन्ध लगाउने प्रवृत्तिले लोकतन्त्रलाई कमसल बनाउँछ, सशक्त होइन।

अब प्रश्न उठ्छ–यस्तो अवस्थाबाट कसरी बाहिर निस्कने? उत्तर भनेको सक्रिय नागरिक चेतना, पेशागत संस्थाहरूको प्रतिरोध र वैधानिक संस्थाहरूको जवाफदेहिता हो। पत्रकार महासंघले अब चुप लागेर बस्ने होइन, सक्रिय रूपमा सामाजिक सञ्जाल बन्दको विरोध गर्नुपर्छ। मानव अधिकार आयोगले घटनाको अनुसन्धान गरेर प्रतिवेदन सार्वजनिक गर्नुपर्छ। अधिवक्ताहरूले अदालतमा रिट दर्ता गरेर कानुनी लडाइँ लड्नुपर्छ। नागरिक समाजले विद्यालय, कलेज, समुदायमा कार्यक्रम गरेर अभिव्यक्ति स्वतन्त्रताको महत्त्वबारे जनचेतना फैलाउनु अत्यावश्यक छ। केवल काठमाण्डौमा प्रेस कन्फरेन्स गरेर होइन, देशभरका युवामा डिजिटल अधिकारको शिक्षा दिन सकियो भने लामो यात्रामा लोकतन्त्र बलियो हुनेछ।

अन्तर्राष्ट्रिय संस्थाहरूको ध्यानाकर्षण गराउनु पनि जरुरी छ। संयुक्त राष्ट्रसंघ, एम्नेस्टी इन्टरनेशनल, ह्युमन राइट्स वाचजस्ता संस्थाहरूलाई यस्ता कार्यहरूको तथ्यसहित जानकारी दिइनुपर्छ।

नेपालजस्तो विकासोन्मुख राष्ट्रमा अन्तर्राष्ट्रिय छविको प्रभाव ठूलो हुन्छ। यदि यस्ता संस्थाहरूले स्पष्ट रूपमा नेपालमा अभिव्यक्ति स्वतन्त्रताको हनन भएको भनी आफ्नो रिपोर्टहरूमा लेखे भने, त्यसले सरकारमाथि वैधानिक दबाब सिर्जना गर्न सक्छ। नेपाल सरकार अन्तर्राष्ट्रिय सहायता, अनुदान, र कूटनीतिक समर्थनमा निर्भर रहेको अवस्था छ। त्यसैले, अन्तर्राष्ट्रिय समुदायबाट आएको आलोचना वा अवलोकनले शासक वर्गलाई सोच्न बाध्य बनाउँछ।

यस्तै, स्थानीय तहमा पनि सचेतना अभियान सञ्चालन गर्नु अहिलेको आवश्यकता हो। धेरै नागरिकहरू अझै अभिव्यक्ति स्वतन्त्रता भनेको के हो भन्ने कुरा नै ठिकसँग बुझ्दैनन्। अझ डिजिटल अधिकार र इन्टरनेट स्वतन्त्रता जस्ता विषयहरू ग्रामीण क्षेत्रमा कमै मात्रामा उठान भएका छन्। सामुदायिक रेडियो, स्थानीय कलेज, विद्यालय, र सामाजिक संस्थामार्फत कार्यक्रम सञ्चालन गरी नागरिकलाई संविधानमा उल्लेखित आफ्ना अधिकारबारे जानकारी दिन सकिन्छ। जब नागरिकहरू आफ्ना अधिकारबारे सचेत हुन्छन्, तब तिनको हनन सहन तयार हुँदैनन्।

हामीले बुझ्नैपर्ने अर्को कुरा हो कि लोकतन्त्र केवल चुनावमा मत हालेर टुङ्गिने अभ्यास होइन। लोकतन्त्र भनेको निरन्तर संवाद, आलोचना, बहस, विरोध, र विकल्प खोज्ने प्रक्रिया हो। सरकार चलाउनेहरू सर्वशक्तिमान होइनन्; उनीहरू नागरिकका सेवक हुन्। त्यसैले नागरिकले प्रश्न गर्न, आलोचना गर्न, र उत्तर माग्न पाउने अधिकार हो। तर जब राज्य नागरिकको त्यो अधिकारमाथि अंकुश लगाउँछ, तब त्यो लोकतन्त्रको अन्त होइन भने पनि गम्भीर क्षति भने अवश्य हो।

यस्ता खालका गतिविधिहरू – जस्तै सामाजिक सञ्जाल बन्द गर्नु – प्रायः एक खालको मानसिकताबाट निर्देशित हुन्छ। त्यो मानसिकता हो–"शासन गर्न सजिलो बनाउने"; जसमा नागरिकलाई सुन्ने होइन, नियन्त्रण गर्ने प्राथमिकता हुन्छ। यस्तो सोचले नै निरंकुश शासनको जग बसाल्छ। इतिहास साक्षी छ, जब जुनसुकै मुलुकमा अभिव्यक्ति स्वतन्त्रता बन्द भयो, नागरिकले बोल्न छाडे, पत्रकारहरू जेल परे, अनि शासन गर्नेहरूले असहमति सहन छाडे–त्यो देशको पतन सुरु भयो। नेपालले यस्तो इतिहास एक पटक होइन, धेरै पटक भोगेको छ। पञ्चायतकाल, राजतन्त्रकाल वा सैन्य हस्तक्षेप–हरेक पटक पहिलो प्रहार अभिव्यक्तिमाथि नै भयो। अनि फेरि जनआन्दोलन आवश्यक पर्यो। अब फेरि त्यो इतिहास दोहोरिन नदिन हामी सबै सचेत हुनुपर्छ।

आजको समयमा, डिजिटल संसार नागरिक सशक्तीकरणको सबैभन्दा प्रभावकारी माध्यम बनेको छ। लोकतन्त्रलाई जोगाउन सामाजिक सञ्जाल आवश्यक छ। हरेक नागरिक अब पत्रकारजस्तै बनेका छन्–भ्रष्टाचार देखे मोबाइलले खिच्छन्, आवाज उठाउँछन्, एक अर्कालाई चेतावनी दिन्छन्। यसैले सामाजिक सञ्जाल बन्द गर्नु भनेको त्यो शक्ति जनताबाट खोस्ने प्रयास हो। यो लोकतन्त्रमा अक्षम्य अपराध हो।

सरकारले यदि साँच्चै जनताको हित चाहन्छ भने, तिनीहरूलाई चुप गराएर होइन, सुनेर अघि बढ्नुपर्छ। सामाजिक सञ्जालबाट हुने विकृतिहरू हटाउन नीतिगत सुधार ल्याउन सकिन्छ, डिजिटल साक्षरताको अभियान सञ्चालन गर्न सकिन्छ, गलत सूचना विरुद्धका उपकरण निर्माण गर्न सकिन्छ। तर प्लेटफर्म नै बन्द गर्नु भनेको आगो निभाउन पानी होइन, तेल खन्याउने हो।

यदि हामीले अहिले पनि चुपचाप सह्य गर्यौं भने, भोलि अरू अधिकार पनि खोसिन सक्छन्–पत्रकारिताको स्वतन्त्रता, सभा-प्रदर्शनको अधिकार , वा राजनीतिक सहभागिता। अनि फेरि एकपटक नागरिकको हैसियत मतदाता मात्रमा सीमित हुनेछ, जो पाँच वर्षमा एकपटक मतदान गर्छ, अनि बाँकी समय मौन रहन बाध्य हुन्छ। यस्तो अवस्थामा लोकतन्त्रको नाम त बाँकी रहन्छ, तर आत्मा मरेको हुन्छ।

नेपालमा प्रजातान्त्रिक आन्दोलनमा लडेका लाखौं नागरिकहरूको सपना के थियो? यस्तो राज्य जहाँ शासन जवाफदेही होस्, जनता स्वतन्त्र होऊन्, र सत्तामा बसेकाहरू आलोचना सहन तयार होऊन्। तर अहिले जति जति सूचना प्रविधिमा प्रगति हुँदैछ, उति नै राज्य शक्तिको दुरुपयोग पनि देखिँदैछ। सीसीटीभी निगरानी, डिजिटल ट्र्याकिङ, सामाजिक सञ्जाल नियन्त्रण–यी सबै प्रविधिहरू जनताको हितका लागि होइन, सत्ताको सुविधा र सुरक्षा सुनिश्चित गर्न प्रयोग गरिँदैछ।

यस्तो अवस्थामा नागरिक आवाज उठाउने ठाउँ अझै बाँकी छ भने त्यो हो–संगठित प्रतिरोध। नागरिक समाज, मिडिया, मानव अधिकारकर्मी, अधिवक्ता, युवा, शिक्षक–सबै मिलेर आवाज उठाउनुपर्ने समय यही हो। लोकतन्त्रको रक्षाका लागि आज बोल्न नसक्नेहरूले भोलि सास फेर्न पनि नपाउने अवस्था आउन सक्छ।

अब हामीसँग प्रश्न छ–के हामी फेरि त्यही निरंकुशताको युगतिर फर्कन चाहन्छौं? जहाँ एकाधिकार चल्छ, आलोचना अपराध ठहरिन्छ, र जनता 'कृपा' मा बाँच्छन्? कि हामी त्यो लोकतान्त्रिक संस्कृतिको अभ्यास गर्न चाहन्छौं जहाँ नागरिक हरेक निर्णयमा सहभागी हुन्छन्, सरकार जनताको सेवक हो र विचारको स्वतन्त्रता सर्वोपरि छ?

यो छनोट हाम्रो हो। समाजका हरेक सचेत नागरिक, विचारशील युवा, र विवेकशील नेतृत्वले यो समयको घडी बुझ्न सक्नुपर्छ। जबसम्म हामी अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्न सक्दैनौं, तबसम्म हामी लोकतन्त्रको रक्षा गर्न सक्दैनौं। सरकारलाई डर लाग्छ भने सत्यबाट डर लाग्दो हो–तर जनतालाई बोल्न डर लाग्न थालेको छ भने त्यो शासनको असफलता हो।

नेपालमा लोकतन्त्र अझै नयाँ छ। यो परिपक्व हुन समय लाग्छ। तर हरेक चोट, हरेक प्रतिबन्ध, हरेक बन्दले यसलाई कमजोर बनाउँदै लैजान्छ। त्यसैले हरेक नागरिक, संस्था, र नेताको कर्तव्य हो–लोकतन्त्रको आधारभूत मूल्य जोगाउनु। अभिव्यक्ति स्वतन्त्रता कुनै विशेष वर्गको अधिकार होइन, यो सम्पूर्ण समाजको सुरक्षाको ग्यारेन्टी हो।

हामी यो बुझ्नुपर्छ–आज फेसबुक, टिकटक, युट्युब बन्द भए, भोलि रेडियो, टेलिभिजन, अनि अखबार पनि बन्द हुन सक्छन्। आज पत्रकार पक्राउ परे, भोलि शिक्षक, कलाकार, विद्यार्थी सबैको पालो आउन सक्छ। अनि भोलि फेरि जनआन्दोलन आवश्यक पर्छ। त्यसैले आन्दोलन गर्नुअघि सचेत हुन आवश्यक छ। हरेक आवाजले लोकतन्त्रको संरक्षण गर्छ। बोलौं, उठौं, लेखौं–ताकि हामी फेरि एकपटक बन्दी होइन, स्वतन्त्र नागरिकको रूपमा बाँच्छौं।

# बुवाको नाममा परीक्षार्थी बनेर परीक्षा दिइरहेको अवस्थामा छोरा पक्राउ

**खबर दर्पण समाचारदाता**

**भदौ २२ गते, बर्दिवास**



बुवाको नाममा परीक्षार्थी बनेर परीक्षा दिइरहेको अवस्थामा छोरा फेला परेपछि क्याम्पस प्रशासनले उनलाई प्रहरीको जिम्मा लगाएको छ ।

वीरगञ्जको ठाकुरराम बहुमुखी क्याम्पसमा क्याम्सप प्रमुख मोहन यादवका अनुसार परीक्षा हलमा नक्कली परीक्षार्थीले परीक्षा दिइरहेको सूचना प्राप्त भएपछि चेकजाँच गर्दा बुवाको नाममा परीक्षार्थी बनेर परीक्षा दिइरहेको अवस्थामा छोरा फेला परेपछि क्याम्पस प्रशासनले आवश्यक थप कारवाहीको लागि प्रहरीको जिम्मा लगाएको हो ।

आइतबार क्याम्पसमा सञ्चालित मानविकी संकायको राजनीतिशास्त्र स्नातकोत्तर तहको तेस्रो सेमेस्टरको परीक्षामा सिम्बोल नम्बर १५२७०२३ का परीक्षार्थी मोहम्मद शहाबुद्दीनको प्रवेशपत्रमा आफ्नो फोटो टाँसेर परीक्षा दिइरहेका मोहम्मद शहाबुद्दीनका २५ वर्षीय छोरा मोहम्मद अफताब फेला परेका छन् ।

क्याम्सप प्रमुख मोहन यादवले पक्राउ परेका अफताब र नक्कली परीक्षार्थी पठाएर परीक्षा दिन लगाउने शहाबुद्दीन दुवैमाथि त्रिभुवन विश्वविद्यालयको सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम २०५० को दफा २७० (क) अनुसार कारबाही हुने बताउनुभयो ।

मोहम्मद शहाबुद्दीन नेपाली काँग्रेस पर्साको क्षेत्र नम्बर १ का क्षेत्रीय सभापति हुन् भने शहाबुद्दीन र उनका छोरा अफताब वीरगञ्ज महानगर पालिका वडा नम्बर ३ छपकैयाका बासिन्दा हुन् ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख, प्रहरी उपरीक्षक गौतम मिश्रले अफताबलाई वडा प्रहरी कार्यालय बिर्तामा राखिएको र थप अनुसन्धान भइरहेको जानकारी दिनुभयो ।

प्रहरी उपरीक्षक गौतम मिश्रले गोरखापत्रसँग भन्नुभयो, 'अर्कैको नाममा परीक्षा दिइरहेको अवस्थामा एक जना पक्राउ परेका हुन् । हामी ऐन कानुन अनुसार सरसल्लाह गर्दैछौ, शिक्षा ऐनमा जे व्यवस्था छ त्यहीअनुसार कारवाही हुन्छ ।'

# जनकपुरधामस्थित गङ्गासागरमा तर्पण दिनेको घुइँचो

**खबर दर्पण समाचारदाता**

**भदौ २२ गते, बर्दिवास**



भदौ शुक्ल पूर्णिमादेखि सुरु हुने पितृपक्षको पहिलो दिन जनकपुर धामस्थित गङ्गासागरमा तर्पण दिनेहरूको घुइँचो लागेको छ। सोह्र श्राद्ध प्रारम्भको अघिल्लो दिन आइतबार पूर्णिमाको बिहानैदेखि गङ्गासागरमा स्नान श्रद्धालु भक्तजनहरुको घुइँचो देखिएको हो । यसरी पवित्र जलायमध्ये एक मानिने गङ्गासागरमा प्रत्येक वर्ष भदौ शुक्ल पूर्णिमाको दिन पितृ तर्पणमा सहभागी हुन नृवपाल तथा सीमावर्ती क्षेत्र भारतका विभिन्न स्थानबाट श्रद्धालुहरु आउने गर्छन् ।

मिथिलामा असोज कृष्णपक्षलाई पितृपक्ष मानिए पनि भदौ पूर्णिमाकै दिन देवर्षि तर्पण गर्ने परम्परा छ। यस दिन कुलदेवता, ग्रामदेवता र देवर्षिलाई आमन्त्रण गरी तर्पण दिइएपछि भोलिदेखि आफ्ना दिवंगत पितृहरूको श्राद्ध गरिन्छ ।

गङ्गासागरमा देखिएको भीड धार्मिक कर्तव्य मात्र नभई सामाजिक मेलमिलापको अवसर पनि बनेको छ । तर्पण दिन आएका शशी साहले भन्नुभयो, “हाम्रा पुर्खाहरू पनि यही गङ्गासागरमा तर्पण दिन आउनुहुन्थ्यो । अहिले हामी पनि यहीँ आउँछौं, किनकि धार्मिक दृष्टिले गङ्गासागरको छुट्टै महत्व छ ।”

पितृपक्षका बेला मिथिलाका नदी र तलाउका घाटमा तर्पण दिनेहरुको भिड देखिन्छ ।

नेपाल सरकार

उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेश्रो पटक प्रकाशित मिति :२०८२।०५।२३**

यस कम्पनीको मिति २०८०।०५।०२ मा सम्पन्न बिशेष साधारण समितिको निर्णय बमोजिम तथा कम्पनी रजिष्टारको कार्यालयबाट समेत स्वीकृति प्राप्त भई साविक कम्पनी दुप्चेश्वर विल्डर्स. प्रा.लि.नं. १९०७३९० को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिनबाट व्यहोनु पर्ने ऋण, धन, कर दायित्व आदि परिवर्तन नामको दुप्चेश्वर शुभम विल्डर्स प्रा.लि. अंग्रेजिमा Dupcheshwor Shubham Builders Pvt.Ltd. ले सकानु व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

## सुरक्षित यात्राका लागि अपनाउनु पर्ने सावधानीहरु

1. सुरक्षित ठाउँ (जस्तै: बस स्टप) मा मात्र बस, ट्याक्सी तथा टेम्पो चढ्ने वा ओर्लिने गरौं ।
2. सवारी पूर्णतया रोकिएपछि मात्र चढ्ने र ओर्लने गरौं।
3. सवारीको ढोका होशियारी साथ खोलौ, नत्र अरुलाई चोट लाग्न सक्छ ।
4. सवारी चढ्दा वा ओर्लिदा अरुलाई नधेकेलौं ।
5. चालकको ध्यान नखलबल्याऔं वा उसको नजिक भिंडभाड नगरौं।
6. शरिरको कुनै पनि अंग सवारीबाट बाहिर ननिकालौं । तपाईलाई अरु सवारीले गंभीर घाइते बनाउन सक्छ ।
7. चालकलाई बढी गतिमा सवारी दौडाउन वा खतरनाक तरिकाले चलाउन नउक्साऔं ।
8. सवारीबाट थुकि वा फोहर फाली असभ्य नबनौं।
9. सामान बोक्ने सवारीहरुको पछाडिको भागमा यात्रा नगरौं।
10. पूरा भरिइसकेको सवारीमा नचढौं ।
11. छतमा बसेर यात्रा नगरौ, किनभने भित्र भन्दा बाहिर बढी खतरा हुन्छ ।
12. चालकलाई सुरक्षित र निष्ठापूर्वक चलाउन हौसला दिउँ।
13. चालकले रक्सी खाएको वा खलासी कण्डक्टरले गाडी चलाएको देखेमा त्यसो नगर्न अनुरोध गरौं।
14. यदि तपाईको अनुरोध नमानेमा नजिकैको प्रहरीलाई खबर गरौं ।

नोट:- नेपालीहरुको महान पर्व शुभ दीपावली तथा छठ पूजाको शुभ अवसरमा देश तथा विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

यातायात व्यवस्था कार्यालय जनकपुरधाम धनुषा परिवार




गर्मी तथा वर्षायामसंगै फैलने

**झाडा पखाला तथा हैजा जस्ता पानीजन्य रोगहरूबाट बच्न**

**बासी सडेगलेका झिंगा भन्केका खानेकुरा नखाऔं ।**

**काँचै खान मिल्ने फलफूल तथा तरकारी शुद्धिकरण गरेको**

पानी प्रयोग गरी राम्ररी सफा गरेर मात्र खाऔं ।

जिल्ला स्वास्थ्य कार्यालय

जलेश्वर, महोत्तरी

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)

उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com

प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,